# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, फागुन १७ गते, २०७३ साल (अतिरिक्ताङ्क २०क+१

## भाग ५

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले प्रचलित कानून बमोजिम आयोगमा दर्ता कायम रहेका दुई वा दुईभन्दा बढी राजनीतिक दलले आपसमा गाभिन वा एकीकरण भई नयाँ राजनीतिक दलको रुपमा कायम हुन संवत् २०७४ साल वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचन घोषणा हुनु पूर्व दिएको निवेदन सम्बन्धमा देहाय बमोजिम गर्ने गरी निर्वाचन आयोग ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम आदेश जारी गरेकोले सोही उपदफा बमोजिम यो सूचना प्रकाशन गरिएको छ :-

(क) नयाँ दल कायम गरी निवेदन दर्ता गराएको भए त्यसरी प्रस्ताव गरिएको नयाँ दलको नाम अन्य राजनीतिक दलसँग दोहोरो नपर्ने गरी दलको नाम कायम गरी दल दर्ता गर्ने,

(ख) गाभिएका वा एकीकरण भएका दलहरुमध्ये कुनै एक दलको नाम कायम गर्न चाहेको भए आयोगमा अभिलेख भए अनुसारको त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको प्रमुख पदाधिकारीलाई आयोगमा उपस्थित हुन लगाई मञ्जुरी लिने,

1757

(ग) गाभिएको वा एकीकरण भएको नयाँ दल दर्ता भएपछि त्यसरी गाभिन वा एकीकरण हुनु भन्दा अघि कायम रहेका त्यस्ता राजनीतिक दल खारेज गर्ने,

(घ) यस आदेश बमोजिम दर्ता हुन आएका राजनीतिक दललाई स्थानीय तहको निर्वाचनको प्रयोजनको लागि त्यसरी गाभिएको वा एकीकरण भएको त्यस्ता दलले माग गरेको प्राथमिकता अनुसारका चारवटा निर्वाचन चिन्हहरु मध्ये आयोगले तोकेको निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

आज्ञाले,
गोपीनाथ मैनाली
सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

1758